(क) "ऐन" भन्नाले घरपझोङ गाउँपालिकाको सहकारी ऐन २०७७ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले घरपझोङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "कार्यालय" भन्नाले घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ सभा" भन्नाले घरपझोङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(च) "नियमावली" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ ।

(छ) "सहकारी" समिति भन्नाले दफा ६९ बमोजिमको गठित सहकारी समितिलाई सम्झनु पर्दछ ।

(ज) "सहकारी समितिको कार्यविधि" भन्नाले यस ऐन बमोजिम बनाएको कार्यविधि सम्झनु पर्दछ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ञ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ट) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(ठ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(ड) "ऋण वा कर्जा" भन्नाले सहकारी संस्थाले सदस्यहरुलाई नियम बमोजिम प्रदान गर्ने ऋण रकम र संस्थाले अन्य बैंक तथा वित्तीय संस्था, सहकारी बैंक, सहकारी संघ र अन्य निकायबाट नियमानुसार लिने ऋण समेतलाई बुझाउनेछ ।

(ढ) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(ण) "सञ्चालक" भन्नाले सहकारी संस्थाको समितिको पदाधिकारी सहितको सदस्य सम्झनु पर्दछ।

(त) "सञ्चालक समिति" भन्नाले दफा ३० बमोजिमको गठित संस्थाको सञ्चालक समिति सम्झनु पर्दछ ।

(थ) "सदस्य" भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(द) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(ध) "साधारणसभा" भन्नाले सहकारी संस्थाको साधारणसभा सम्झनुपर्छ ।

(न) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ७० बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपात भन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडामा कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था/शेयर सदस्यले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनः निर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(५) कार्यक्षेत्र निर्धारण सम्बन्धी अन्य व्यवस्था सहकारी समितिले तोकेबमोजिम हुनेछ ।

**१०. <u>जानकारी दिनुपर्ने</u>ः** (१) घरपझोङ गाउँपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले घरपझोङ गाउँपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

(२)उपदफा (१) बमोजिम दर्ता हुने संस्थाले समेत यस ऐन बमोजिमको व्यवस्था पालना गर्नुपर्नेछ ।

**११. <u>विषयगत आधारमा वर्गीकरण</u>ः** (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

**<u>(क) उत्पादनमूलक संस्थाः</u>** कृषि, दुग्ध, अन्नबाली, जडीबुडी, पशुपन्छीपालन, नगदेबाली, तरकारी खेती, फलफुल, माछापालन र उर्जा विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको आधारमा उद्योग धन्दा तथा व्यवसाय आदिलाई उत्पादनमूलक संस्था मानिनेछ।

**<u>(ख) सेवामूलक संस्था :</u>** थोक तथा खुद्रा विक्रेता, बजार भण्डारण, शित भण्डार, ढुवानी, यातयात, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, प्राविधिक शिक्षालय, वृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, एम्बुलेन्स सेवा, होटल तथा रेष्टुरेन्ट, सभास्थल, ट्राभल, पार्किङ सेवा, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामान व्यवस्थापन तथा विक्री आदिलाई सेवामूलक संस्था मानिनेछ ।

**<u>(ग) श्रमिक संस्थाः</u>** श्रम र सीपमा श्रमिकहरुको स्वामित्वमा स्थापना भएका सहकारी संस्थालाई श्रमिक संस्था मानिनेछ ।

**<u>(घ) बहुउद्देश्यीय संस्थाः</u>** उत्पादन, उपभोग, सेवामूलक र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

**<u>(ङ) वित्तीय संस्था :</u>** बचत तथा ऋण, रेमिटयान्स, मनी चेन्जर, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ, सहकारी बैंक आदिलाई वित्तीय संस्था मानिनेछ ।

